का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ९९

❒ १६ जेठ २०७७, शुक्रबार

❒ 29 May 2020, Friday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

मध्याह्न

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: बिहीबार साँझसम्म | | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | १०४२ जना | १८७ जना | ६०९१६ | ८५० | ५ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ५८ लाख ४० हजार | २५ लाख ३१ हजार | ३ लाख ५९ हजार | २९ लाख ४९ हजार |


स्रोत : वर्ल्डोमिटर डटकम

# आकार घटाएर बजेट

## ■ १४ खर्ब ७४ अर्ब ६४ करोडको बजेट प्रस्तुत

## ■ आगामी आर्थिक वर्ष ७ प्रतिशतको आर्थिक वृद्धिदर हुने अनुमान

**कोभिड-१९ को रोकथाम, उपचार, नियन्त्रण र यसको असरबाट पुगेको क्षति पुनर्स्थापना गर्ने तर्फ प्राथमिकता दिइएको आगामी आर्थिक वर्षको प्रस्तावित बजेटको आकार चालु आर्थिक वर्ष भन्दा घटाइएको छ।**






शान्तिनगरस्थित ज्येष्ठ नागरिक आवास गृहका वृद्धाहरू बिहीबार बजेट भाषण टेलिभिजनमा सुन्दै। तस्वीरः रोशन सापकोटा, रासस

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ जेठ।

आगामी आर्थिक वर्ष २०७७/७८ को राजश्व तथा व्ययको वार्षिक अनुमान अर्थमन्त्री डा.युवराज खतिवडाले संघीय संसदको संयुक्त बैठकमा पेश गरेका छन्। आगामी आर्थिक वर्षका लागि रु. १४ खर्ब ७४ अर्ब ६४ करोड प्रस्तुत गरिएको छ। अर्थमन्त्री खतिवडाले गत वर्ष चालू आवका लागि रु १५ खर्ब ३२ अर्ब ९६ करोड ७१ लाखको बजेट पेश भएको थियो।



कूल वार्षिक विनियोजन मध्ये चालूतर्फ रु नौ खर्ब ४८ अर्ब ९४ करोड अर्थात् ६४ दशमलब ४ प्रतिशत, पूँजीगततर्फ ३ खर्ब ५२ अर्ब ९१ करोड अर्थात् २३ दशमलव ९ प्रतिशत छ। वित्तीय व्यवस्थापनतर्फ रु एक खर्ब ७२ अर्ब ७९करोड अर्थात् ११ दशमलव ७ प्रतिशत छ।

आगामी आवका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये राजस्वबाट रु आठ खर्ब ८९ अर्ब ६२ करोड र वैदेशिक अनुदानबाट रु ६० अर्ब ५२ करोड व्यहोर्दा रु पाँच खर्ब २४ अर्ब ५० करोड कम हुनेछ। नपुग बजेट वैदेशिक र आन्तरिक ऋणबाट पूर्ति गरिने सरकारको अनुमान छ। सरकारले वैदेशिक ऋणबाट रु दुई खर्ब ९९ अर्ब ५० करोड र आन्तरिक ऋणबाट रु दुई खर्ब २५ अर्ब स्रोत व्यवस्थापन गरिने जनाएको छ।

### ■ महामारीमा केन्द्रित

सरकारले कोभिड- १९ को रोकथाम र नियन्त्रणका लागि रु छ अर्ब बजेट विनियोजन गरेको छ। अर्थमन्त्री खतिवडाले कोरोना संक्रमणको रोकथाम र नियन्त्रण गर्न तत्काल आवश्यकपर्ने औषधि, उपकरण तथा उपचार सामग्री कम हुन नदिन रु छ अर्ब बजेट व्यवस्था गरिएको बताए।

बजेट भाषणमा कोरोना संक्रमणको रोकथाम र नियन्त्रण तथा थप विस्तार हुन नदिनका लागि उच्च जोखिमयुक्त क्षेत्रमा परीक्षणको दायरा बढाउन गुणस्तर सहितको थप क्यारेन्टाइनको स्थापना भरपर्दो उपचार सेवा प्रवाह गर्न र नागरिकमा भएको मनोवैज्ञानिक त्रासलाई सम्बोधन गर्न आवश्यक स्रोतको व्यवस्था मिलाइएको समेत बताए।

बजेटमा कोरोना लगायत अन्य संक्रामक रोगविरुद्ध कार्यरत रहेका सबै स्वास्थ्यकर्मीलाई रु पाँच लाखसम्मको निःशुल्क स्वास्थ्य जीवन बीमा बजेटमा गरिएको घोषणा गरिएको छ। आगामी वर्ष काठमाडौं उपत्यकामा ३०० श्ययाको सुविधा सम्पन्न छुट्टै सरुवा रोग अस्पताल निर्माण गर्नका लागि बजेट विनियोजन गरिएको छ।

काठमाडौं उपत्यका र बाहिरका सरकारी अस्पतलामा थप २५० श्ययाका सघन उपचार कक्ष निर्माण र सबै प्रदेश राजधानीमा ५० श्ययाका सरुवा रोग अस्पताल सञ्चालन गरिने बाँकी पृष्ठ २ मा

# बजेटमा आएन व्यवसायीका लागि राहत

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ जेठ

कोरोना भाइरस (कोभिड-१९) संक्रमणअघि मुलुकको अर्थतन्त्रमा करिब एक चौथाई योगदान दिएको वैदेशिक रोजगार क्षेत्रलाई आर्थिक वर्ष २०७७/०७८ को बजेटले आवश्यक प्राथमिकता दिएको छैन। सरकारले कोरोना महामारीका कारण विदेशमा समस्यामा परेका नेपालीलाई स्वदेश ल्याउन बजेट विनियोजन गरेको बताए पनि बजेट वक्तव्यमा त्यसका लागि चाहिने अनुमानित रकम भने उल्लेख भएन।

बजेटले मर्यादित वैदेशिक रोजगारीका लागि विदेशस्थित नेपाली कूटनीतिक परिचालन गर्ने भन्नेबाहेक बजेटमा वैदेशिक रोजगारीमा रहेका व्यवसायी र कर्मचारीका लागि राहतका कुनै कार्यक्रम उल्लेख गरिएको छैन। अघिल्लो आर्थिक वर्ष वैदेशिक रोजगारीाबाट ८ खर्ब ७९ अर्व रेमिट्यान्स आएकोमा चालु आर्थिक वर्षको आठ महिनामा ५ खर्ब ९२ अर्ब प्राप्त भएको छ।

गतवर्ष ५ लाख नेपाली वैदेशिक रोजगारीमा गएका थिए भने अर्थमन्त्रालयले सार्वजनिक गरेको आर्थिक सर्वेक्षण अनुसार गत फागुन मसान्तसम्म १ लाख ९० हजार ३ सय ८८ जना नेपाली वैदेशिक रोजगारीमा गएका छन्।

अर्थमन्त्री डा. युवराज खतिवडाद्वारा संसदमा प्रस्तुत आगामी आर्थिक वर्षको बजेटमा कोरोना भाइरसका कारण रोजगारी गुमाई अलपत्र परेका नेपालीहरुलाई उद्धार गर्ने र उनीहरुलाई रोजगारी दिने विषयमा पर्याप्त बजेट विनियोजन गरेको भनिए पनि विदेशमा नेपाली कामदारका लागि रहने सम्भाव्य रोजगारीको खोजीका लागि कुनै कार्यक्रम आएन।

नेपाल सरकारको कोरोना भाइरस रोकथाम तथा नियन्त्रण उच्चस्तरिय समन्वय समितिको निर्णयपछि वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति दिएको छैन। त्यसयता वैदेशिक रोजगार व्यवसायीका कार्यालय बन्द रहेका छन्। श्रम स्वीकृति लिएका र विदामा घर आएका नेपालीहरु रोजगारीमा जान पाएका छैनन्।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले व्यवसायीले तिर्ने घर बहाल कर, आयकर, व्यवसाय कर लगायतका राजस्वमा छुट दिने व्यवस्था गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अर्थ मन्त्रालयलाई आग्रह गरेको थियो। व्यवसायीले दिएको ऋणको व्याजमा छुट वा अनुदान दिने, बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएका व्यवसायीले चैत मसान्तसम्म तिर्न नसकेको व्याजलाई साँवामा पुँजिकृत गर्ने र असार मसान्तसम्ममा तिर्दा हर्जना नलिने व्यवस्था गर्न र भाखा नाघेका ऋण तिर्ने अवधि एक वर्ष थप गरी ऋण नवीकरण गर्ने व्यवस्थाको लागि पहल गरिदिन माग गरिएको थियो ।

संघसहित सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च र प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस निकट नेपाल लोकत्रान्त्रिक वैदेशिक रोजगार एसोसिएसनले संघको उक्त माग पूरा हुनुपर्नेमा जोड दिएका थिए।

बजेटले वैदेशिक रोजगारीबाट फर्किएर आउने युवासहित नेपालमै रहेका करिब ६ लाखलाई रोजगारी सिर्जना गर्न २० अर्ब भन्दा बढी रकम विनियोजन गरेको छ। अर्थमन्त्री डा. खतिवडाले गत वर्षदेखि कार्यान्वयनमा आएको प्रधानमन्त्री रोजगार कार्यक्रमलाई ११ अर्ब रुपैयाँ विनियोजन गरेको बताए। यो रकम चालु आर्थिक वर्षको बजेटभन्दा करिब दोब्बर हो। तर कार्यक्रमलाई छुट्याइएको बजेटले दिगो रोजगारीभन्दा बेरोजगार पार्टी कार्यकर्ता अलमल्याउने अस्थायी प्रवन्धका लागि आएको भन्दै विज्ञहरुले बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### सरकारको दृष्टिकोण पूर्वाग्रही : व्यवसायी



काठमाडौं/मस-सरकारले ल्याएको आगामी वर्षको बजेटले आम वैदेशिक रोजगार व्यवसायीहरुलाई निराश बनाएको व्यवसायीहरुले प्रतिकृया दिएका छन्। बजेटमा अन्य क्षेत्रका व्यवसायीहरुलाई राहत दिने प्रयास भएको देखिए पनि कोरोनाका कारण चौपट अवस्थामा पुगेको वैदेशिक रोजगार व्यवसायीलाई राहतको 'र' सम्म नआउनु अत्यन्त दुःख भएका व्यवसायीहरु बताउँछन्।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष विष्णुप्रसाद गैरेले पर्यटन, चलचित्र तथा अन्य क्षेत्रलाई राहत बाँकी पृष्ठ २ मा

# हजार नाघ्यो संक्रमित

**कोभिड-१९ को महामारीबाट संक्रमित हुनेको संख्या एक हजार नाघेको छ। बुधबार तीन अंकमा संक्रमित देखिएको थियो। बिहीबार संक्रमित संख्या बढेर एक हजार ४२ पुगेको छ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ जेठ।

कोभिड-१९ को महामारीको संक्रमण दर नेपालमा उच्च बन्न रोकिएको छैन। बिहीबार अहिलेसम्मकै उच्च संख्यामा संक्रमित देखिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बिहीबार एकै पटक १५६ जनामा संक्रमण पुष्टि गरेको छ।

मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले विभिन्न प्रयोगशालामा गरिएको परीक्षणमा १७ जिल्लामा १५६ मा संक्रमण देखिएको जानकारी दिए। संक्रमित संख्या पनि हजार नाघेको छ। बिहीबार साँझसम्म एक हजार ४२ पुगेको छ।

यसअघि बुधबार पनि ११२ जनामा संक्रमण देखिएको थियो। सोलुखुम्बु र दोलखामा संक्रमण देखिएको मन्त्रालयका प्रवक्ता डा देवकोटाले जानकारी दिए। संक्रमित भएका जिल्ला अहिलेसम्म ५१ पुगेको उनले जानकारी दिए।



संक्रमित मध्ये ९४० पुरुष र महिला १०२ जना छन्।

बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको परीक्षणमा सप्तरीका ३२ र ४७ जना पुरुष छन्। कोशी अस्पतालमा गरिएको परीक्षणमा झापाका १६ वर्षदेखि ४२ वर्षसम्मका २५ जनामा संक्रमण देखिएको छ। भरतपुरस्थित प्रयोगशालामा गरिएको परीक्षणमा नवलपुरका १९ वर्षका एक जनामा संक्रमण देखिएको छ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोशगालामा गरिएको परीक्षणमा ७७ जनामा संक्रमण देखिएको मन्त्रालयका प्रवक्ता डा देवकोटाले जानकारी दिए। ती मध्ये धनुषाका २९ जना रहेका छन्। बाँकी पृष्ठ २ मा

# ‘कुनै पनि समुदायमाथिका विभेदहरू सह्य हुँदैन’



**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले १३औं गणतन्त्र दिवसका अवसरमा बिहीबार सन्देश दिँदै अधिकार र कर्तव्यको न्यायोचित सन्तुलनले नै गणतन्त्रलाई सफल र सार्थक तुल्याउने बताएका छन् । सरकारको प्रयास गणतन्त्रलाई हरेक हिसाबले परिपूर्ण बनाउने कुरामा केन्द्रित रहेको उल्लेख गर्दै उनले सन्देशमा जनता साँचो अर्थ सार्वभौम बनेको यो दिन नेपालको राजनीतिक इतिहासको महत्वपूर्ण र अविस्मरणीय तथा महान् उत्सवको दिन भएको स्मरण गरे ।

‘गणतन्त्र गणहरुमार्फत अर्थात् जनतामार्फत जनताको तन्त्र हो । जनतालाई केन्द्रविन्दुमा राखेर, जनताको इच्छामा र जनताका लागि सञ्चालित हुने शासन व्यवस्था हो । संविधान र कानूनमा उल्लेखित अधिकारको प्रयोग गर्न सक्ने गरी जनता सक्षम नहुँदासम्म गणतन्त्रले सार्थक रूप लिन सक्दैन,’ प्रधानमन्त्रीले भनेका छन्, ‘गणराज्य नेपाली समाजको मौलिक प्रणाली हो । तर, समयक्रममा यो प्रणाली भत्कियो । सामन्तवादको थालनीसँगै जन्मसिद्ध श्रेष्ठताका आधारमा शासकहरु स्थापित हुने, उनीहरुको वंश परम्पराका आधारमा शासन व्यवस्था सञ्चालन हुने र उनीहरुको हुकुम नै कानून हुने चरम अलोकतान्त्रिक प्रणालीहरु स्थापित र विकसित हुँदै गए । झण्डै दुई हजार वर्षसम्म चलेको यस्तो सामन्ती प्रणालीलाई अन्त्य गरेर हामीले इतिहासको एउटा महत्वपूर्ण कडीलाई जोडेका छौँ, र विकास गरेका छौं ।’

उनले हाल नेपालमा कुनै पनि स्वरुपको अनिर्वाचित सत्ताको अन्त्य भइ जनताले निर्वाचित गरेका प्रतिनिधिद्वारा प्रतिपादन गरिएको संविधानद्वारा मुलुकको शासन व्यवस्था सञ्चालित रहेको संविधानमा जनताका अधिकार एवं सर्वोत्तम हित र आकाङ्क्षाहरु प्रतिविम्बित भएको जनाए ।

उनले भनेका छन्, ‘गणतन्त्र स्थापनासँगै हामीले हासिल गरेका यी उपलब्धिहरु गौरवपूर्ण र दूरगामी महत्वका छन् । तर यिनै उपलब्धिमा मात्र आत्ममुग्ध भएर बस्न मिल्दैन ।’ प्रधानमन्त्री ओलीले गणतन्त्र लोकतान्त्रिक आन्दोलनको सर्वोच्च उपलब्धि हो भन्दै यस युगान्तकारी राजनीतिक परिवर्तनलाई सामाजिक जीवनका समग्र आयामसँग जोडेर समुन्नत प्रणाली विकास गर्न सकेमा मात्रै यो दिगो बन्न सक्छ र लोकतान्त्रिक गणतन्त्रलाई सबल तुल्याउन हामीले सामाजिक न्याय, सुशासन र समृद्धिका तीनवटै आयामलाई समुचित सन्तुलनका साथ अगाडि बढाइरहेको बताएका छन् ।

गणतन्त्र शासन प्रणाली मात्रै नभइ नयाँ सभ्यता, संस्कृति र सामाजिक जीवन पद्धति पनि भएको र गणतन्त्र सामाजिक न्याय र समानतामा आधारित समृद्धिसहितको प्रणाली हो, त्यसैले यहाँ महिला, दलित, पछाडि परेका कुनै पनि समुदायमाथिका कुनै पनि विभेदहरू ग्राह्य र सह्य हुन नसक्ने प्रधानमन्त्री सन्देशमा उल्लेख छ । सन्देशमा गणतन्त्रमा जाति, वर्ण, धर्म वा अरु कुनै पनि आधारमा कसैमाथि पनि असमानता, भेदभाव र छुवाछूतको व्यवहार स्वीकार्य हुन नसक्ने पनि स्पष्ट गरेका छन् । कोरोना महामारीले आक्रान्त भएका बेला सिङ्गो मुलुक एकताबद्ध भइ जनताको सुख र समृद्धि तथा स्थिरताका लागि केन्द्रित हुन पनि सन्देशमा आह्वान गरिएको छ ।

### नेकपाका नेताहरुलाई कांग्रेसको आग्रह

# कांग्रेसको सहप्रवक्ता बन्ने प्रयास नगर्नु



**काठमाडौं/मस–** नेपाल कम्युनिष्ट पार्टीका नेता तथा कार्यकर्तालाई कांग्रेसको सहायक प्रवक्ता जस्तोगरी अभिव्यक्ति नदिन कांग्रेसले आग्रह गरेको छ। नेपाली कांग्रेसको कारण संविधान सांशोधनको कार्यसूची हटाइएको अभिव्यक्ति सत्तारुढ दलका नेताहरुले दिएपछि कांग्रेसले सहायक प्रवक्ता बन्ने प्रयास नगर्न आग्रह गरेको हो ।

सरकारका केही मन्त्री तथा मुख्यमन्त्रीले बुधबार कांग्रेसको कारण नेपालको नक्सा सच्याउने विषयमा तय भएको संविधान संशोधनको कार्यसूचि हटाइएको बताएका थिए । सोही विषयमा कांग्रेसले बिहीबार पत्रकार सम्मेलन गरी खण्डन गरेको हो । कांग्रेस प्रवक्ता विश्वप्रकास शर्माले कम्युनिष्ट मन्त्रीहरु कांग्रेसको सहायक प्रवक्ता भएजस्तो गरी अभिव्यक्ति दिएको प्रति आपत्ति जनाए ।

उनले कांग्रेसले केन्द्रीय कार्यसमितिबाट संस्थागत धारणा बनाई अगाडि बढने बताएपनि संविधानको संशोधनको प्रक्रिया अगाडि बढाउन समय नमागेको स्पस्ट पारे । उनले भने, ‘संसदमा शुरु भएको प्रक्रियालाई अवरुद्ध गरिनुपर्छ भन्ने हाम्रो कुनै माग, हाम्रो कुनै अपेक्षा विलकुलै थिएन । संसदमा कार्यसुचीबाट त्यसलाई हटाइनुपर्छ भन्ने नेपाली कांग्रेसको अभिव्यक्ति थियो भन्ने ढंगले सरकारका कतिपय मन्त्रीले र सत्तारुढ दल निकट रहेका एकजना मुख्यमन्त्रीले भन्नुभएको विषयलाई हामीले गम्भिरता पूर्वक लिएका छौं । नेपाली कांग्रेसको तर्फबाट म आज स्वदेश र विदेशमा रहनुभएका सबै दिदिबहिनी दाजुभाईलाई सञ्चारमाध्यममार्फत स्पस्ट गर्न चाहन्छु नेपाली कांग्रेसको धारणालाई व्यक्त गर्नलाई, व्याख्या गर्नलाई कांग्रेस पार्टीले कम्युनिष्ट पार्टीका कुनै मन्त्रीलाई या कुनै मुख्यमन्त्रीलाई पार्टीको सहायक प्रवक्ता नियुक्त गरेको छैन ।’

सरकारले जारी गरेको नक्सालाई सबैको स्वामित्व अनुभुती हुनेगरी संसदबाट पारित गराउन साझा सहमतिको वातावरण निर्माण गर्न प्रवक्ता शर्माले सरकारलाई आग्रह समेत गरे । कांग्रेसले अभिव्यक्तिमा उग्रता भन्दा पनि पहलकदमीमा तिब्रताको पक्षमा रहेको र संसदबाट पारित गराउन सबै दलहरुबीच साझा दृष्टिकोण बनाउन कांग्रेस नेतृत्व गर्न तयार रहेको बताए । उनले संविधान संशोधनका विषयमा संस्थागत धारणा बनाउन केन्द्रीय समितिको बैठक जेठ १७ गते शनिबार बस्ने समेत बताए ।

कांग्रेसले नक्साको विषयमा संविधान संशोधन गर्न सार्वजनिक रुपमा नै जवाफ दिइसकेको उनले बताए । सर्वदलिय बैठकमा सहभागी भएर कांग्रेसले कार्यसमितिको बैठकबाट संस्थागत निर्णय गर्ने बताएको तर समय नमागेको उनले स्पस्ट पारे ।

### दलित अधिकारकर्मीहरुद्वारा विरोध प्रदर्शन

# रुकुम घटनामा संलग्नमाथि कडा कारबाहीको माग



**गौरीशंकर जयसवाल/मध्यान्ह**
परासी, १५ जेठ

अन्तरजातीय विवाहको विषयलाई लिएर रुकुम पश्चिममा दलित युवकसहित चारजनाको हत्या भएको भन्दै पश्चिम नवलपरासीका दलित अगुवाहरुले विरोध प्रदर्शन गरेका छन् । बिहीबार पश्चिम नवलपरासीको सदरमुकाम परासीको बुद्धचोकमा दलित अगुवाका संगठन, दलित राजनीतिक दलका नेता कार्यकर्ताहरुले प्लेकार्डसहित प्रदर्शन गरेका हुन । हत्यारालाई करबाही हुनुपर्ने, दलितमाथि भएको घटना सत्य तथ्य छानविन हुनपर्ने, संविधानमा दिइएको अधिकार कहिलेसम्म उल्लंघन गर्ने ? लगायतको नारा लेखिएका प्लेकार्डसहित नेपाल दलित मुक्ति संगठन नवलपरासी, नेपाल दलित संघ र संयुक्त दलित अधिकार मञ्च नवलपरासीले संयुक्तरुपमा प्रदर्शन गरेका थिए ।

विरोध प्रदर्शनपछि आयोजित कोणसभामा बोल्दै दलित नेताहरुले संविधानले दलितहरुको अधिकार सुनिश्चित गरेपनि जातीय बिभेद अन्त्य नभएकोमा दुःख व्यक्त गरे । उनीहरुले घटना जातीय विभेदको आधारमा भएको भन्दै राज्यले निष्पक्ष छानविन गरी दोषीलाई कारबाही गर्न माग गरेका थिए ।

सभामा संविधान सभा सदस्य दुलारी हरिजनले दलितमाथि भएको जातीय बिभेदजन्य अपराध भएको भन्दै सरकारले उक्त घटना सत्य तथ्य छानविन गरी दोषीलाई कानुनी कठघरामा उभ्याउन कारबाही गर्न र पीडित परिवारलाई राहत दिनुपर्ने माग गरेकी थिइन् । नेपाल दलित संघका नेता मोहन विश्वकर्माले घटनालाई सत्ता र शक्तिको आडमा ढाकछोप र अपव्याख्या नगर्न आग्रह गरेका थिए । उनले त्यसो गरिए लकडाउन उल्लंघन गरेरै दलितहरु सडकमा आउने चेतावनी दिए ।

कोणसभामा बोल्दै नेपाल दलित मुक्ति संगठनका नेता अर्जनु सुनारले दलितमाथि जातीय आधारमा हुने जातीय अपराध भएको र यसलाई रोक्न राज्यपक्षले कठोर पहलकदमी चाल्नपर्नेमा जोड दिए । कोणसभामा नेपाल दलित मुक्ति संगठनका बीर बहादुर बि.क. संयुक्त दलित अधिकार मञ्चका गणेश विश्वकर्मालगायतले सम्बोधन गरेका थिए ।

यसैबीच दलित अधिकारकर्मीहरुले बिहीबार नै जिल्ला प्रशासन कार्यालय नवलपरासीमार्फत गृहमन्त्रीलाई ज्ञपानपत्र बुझाएका छन् । नेपाल दलित मुक्ति संगठन नवलपरासी, नेपाल दलित संघ र संयुक्त दलित अधिकार मञ्च नवलपरासीको संयुक्त टोली जिल्ला प्रशासन कार्यालय पुगी प्रमुख जिल्ला अधिकारीमार्फत गृहमन्त्रीलाई ज्ञपानपत्र बुझाएका हुन् । ज्ञापनपत्रमा घटनाबारे निष्पक्ष छानविन गरी दोषी देखिएका व्यक्तिहरुलाई हदैसम्मको कानुनी कारबाही गर्न माग गरीएको छ ।

जाजरकोट भेरी नगरपालिका–४ का नवराज विक आफ्नी प्रेमिका रुकुम चौरजहारी नगरपालिका ८ सोती गाउँकी मल्ल थरकी किशोरीसँग विहे गर्न १९ जनाहित जाँदा स्थानीयले आक्रमण गरेका थिए । त्यस क्रममा ४ जनाको मृत्यु भएको छ भने २ जना बेपत्ता छन् ।

# लकडाउन अवधि शुन्य अवधि : सर्वोच्च

**काठमाडौं/मस–** कोरोना भाइरसको महामारीका कारण मुद्दाहरूमा परेको असरबारे सर्वोच्च अदालतका १९ न्यायाधीशको बृहत् इजलासले ऐतिहासिक व्याख्या गरेको छ । सर्वोच्चले चैत ९ गतेदेखि लकडाउन नखुलेसम्मको अवधिलाई शून्य समय घोषणा गरेको हो । ५२ पृष्ठ लामो फैसलामा लकडाउनको कारण म्याद, हदम्याद तारेख गुज्रन गएकाका साथै न्यायिक, अर्धन्यायिक र प्रशासनिक निकायको अवरोधको अन्त्य गर्दै सो अवधिलाई शून्य अवधि कायम गरी सेवाग्राही र अदालत रहेका दुवै स्थानको बन्द खुलेको तीस दिनभित्र आएमा म्याद नजाने व्याख्या गरेको छ । शून्य अवधिलाई हदम्याद, म्याद, तारेख, फिराद, प्रतिउत्तर, अभियोगपत्र ,पुनरावेदन र यस अवधिमा दिनुपर्ने भनी तोकिएका निवेदनमा लागू हुने सर्वोच्चको व्याख्यामा उल्लेख छ । लकडाउन खुलेको ३० दिनपछि कुनै सेवाग्राहीको हदम्याद रहेको भए सोही अवधिबाट गणना हुने सर्वोच्चको व्याख्यामा उल्लेख छ । कुनै सेवाग्राही विदेशमा रहेको र उक्त देशबाट यातायात सञ्चालन नभएमा त्यसका लागि आवश्यक प्रमाण पेश गरेमा उपस्थित भएको ३० दिनभित्र गणना गरिने सर्वोच्चको व्याख्यामा उल्लेख छ ।

अदालत खुलेको ३० दिनभित्र कुनै व्यक्ति कोरोना भाइरसको संक्रमण भएर आइसोलेनमा वा क्वारेनटाइनमा बसेको भएमा चिकित्सक वा अन्य सरकारी कार्यालयको प्रमाणित लिखत पेश गरेमा बाटोको म्यादसहित १५ दिने उपलव्ध गराउने सर्वोच्चको फैसलामा उल्लेख छ ।

देशभरका अदालतमा रहेका दशौं लाख मुद्दाहरूको बारेमा परेको कानुनी बाधा फुकाउने मुद्दाको सुनुवाई जेठ ५ गते सकिएको थियो । प्रधानन्यायाधीश चोलेन्द्र शम्सेर राणासहित १९ न्यायाधीशको इजलासले पहिलो पटक महामारीका बेला मुद्दामा परेको असरबारे व्याख्या गरेका हुन् ।

२००८ सालमा स्थापना भएको सर्वोच्च अदालतले पहिलो पटक यति धेरै न्यायाधीश राखेर बृहत् व्याख्या गरेको हो। अन्य क्षेत्रजस्तै कानुन क्षेत्रमा पनि अडवड परेपछि सर्वोच्चले नेपाल बार एसोसिएसन र सर्वोच्च बारसँग ‘एमिकस क्यूरी’ (अदालती सहयोग) माग गर्दै मुद्दाको सुनुवाई गरेको थियो ।

प्रधानन्यायाधीश राणासहित न्यायाधीशहरु दीपककुमार कार्की, मीरा खड्का, हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई, अनिलकुमार सिन्हा, प्रकाशमानसिंह राउत, सपना प्रधान मल्ल, तेजबहादुर केसी, पुरुषोत्तम भण्डारी, बमकुमार श्रेष्ठ, टंकबहादुर मोक्तान, प्रकाशकुमार ढुंगाना, सुष्मालता माथेमा, कुमार रेग्मी, हरिप्रसाद फुयाल र मनोजकुमार शर्माको इजलासले यस्तो फैसला गरेको हो ।

# कलाकार आचार्य आईओभी महासंघ नेपाल शाखाको अध्यक्षमा मनोनित



**काठमाडौं/मस–** लामो समयदेखि साँस्कृतिक कला तथा संगीतमा लागेर नेपालसमेत विश्वका ५० भन्दा बढी देशहरूमा कला संस्कृतिको माध्यमबाट आफ्नो परिचय दिएकी संस्कृतिकर्मी, कलाकार, मोडेल तथा कुसल व्यवस्थापक शीतल आचार्य ‘सीता’ अन्तर्राष्ट्रिय साँस्कृतिक महासंघ आईओभी, नेपाल शाखाको अध्यक्ष पदमा मनोनयन भएकी छन् । उनी ४ बर्षको लागि सो पदमा मनोनयन भएकी हुन् । कोरोना महामारीको कारण भिडियो कन्फ्रेन्सका माध्यमबाट बसेको आईओभीको बोर्ड बैठकले केही समयदेखि रिक्त रहेको उक्त पदमा आचार्यलाई मनोनयन गरेको हो ।

एभरेष्ट नेपाल कल्चरल ग्रुपमा सन् २०१२ देखि आबद्ध रही निरन्तररूपमा लोक कला, संस्कृतिको संरक्षण र प्रवर्द्धनमा समर्पित तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा लोक कला र संस्कृतिको उत्थानका लागि पुर्याएको योगदानको उच्च मूल्यांकन गर्दै आचार्यलाई अध्यक्ष पदमा मनोनयन गरेको जनाइएको छ ।

आईओभी महासंघको मुख्य उद्देश्य विश्वमा लोक संस्कृतिको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने तथा विभिन्न देशमा अन्तर्राष्ट्रिय लोक साँस्कृतिक मेलामा सहभागी हुने, अन्तर्राष्ट्रिय स्तरको प्रतियोगिता आयोजना गर्ने तथा विभिन्न देशको लोक संस्कृतिको बारेमा अनुसन्धान गर्ने रहेको छ । सन् १९७९ मा स्थापित आईओभी महासंघमा विश्वका १५० भन्दा बढी मुलुकहरू सदस्य रहेका छन् ।

यसैबीच एभरेष्ट कल्चरल ग्रुपले आईओभी जस्तो अन्तर्राष्ट्रिय ख्याति प्राप्त संस्था अन्तर्गत नेपाल सेक्सनको अध्यक्ष जस्तो गरिमामय पदमा मनोनयन भएकोमा लोक कलाकर्मी खरेलप्रति बधाई ज्ञापन गर्दै खुसी व्यक्त गरेको छ । ग्रुपका संस्थापक अध्यक्ष आर सी कोइरालाले आचार्यको मनोनयनले एभरेष्ट कल्चरल ग्रुपले लोक कला र संस्कृतिको संरक्षण र सम्वर्द्धनमा खेल्दै आएको भूमिकाको पनि उच्च मूल्याँकन भएको ठानेको बताए । ‘हामी हर्षित र उत्साहित भएका छौं,’ कोइरालाले भने, ‘एक कुशल लोक कलाकर्मीको नाताले आचार्यजीले आफ्नो जिम्मेवारी सफलतापूर्वक बहन गर्नु हुनेछ भन्ने हाम्रो विश्वास छ ।’

## आकार

बजेटमा उल्लेख गरिएको छ । बजेटमा पोखरा र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा कोशी, नारायणी, भरतपुर, भेरी र डडेल्धुरा अस्पतालको स्तरोन्नति गरी विशेषज्ञ अस्तपालका रुपमा विकास गर्दै लगिने उल्लेख गरिएको छ ।

**१२ अर्ब ४६ करोड**

सरकारले स्वास्थ्य विकास पूर्वाधारका लागि रु १२ अर्ब ४६ करोड विनियोजन गरेको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशला टेकुलाई क्षमता विस्तार गरि अन्तरराष्ट्रिय मापदण्डअनुरुपको बनाइने अर्थमन्त्री डा खतिवडाले उल्लेख गरे ।

सबै प्रदेश राजधानीमा अत्याधुनिक स्वास्थ्य प्रयोशगाला स्थापना गर्न सबै स्वास्थ्य संस्थामा उपचारका लागि आवश्यकीय प्रयोगशाला विस्तार गर्न तथा रोग निदान तथा फार्मेसी सेवा सञ्चालन गर्न र विदेशबाट आउने व्यक्तिको अनिवार्य स्वास्थ्य जाँच गर्न प्रमुख प्रवेश नाकामा आवश्यक उपकरणसहितको स्वास्थ्य डेस्क स्थापना गरिने बजेटमा विनियोजन गरिएको छ ।

अन्य कार्यक्रमलाई निरन्तरता दिइएको बजेटले स्वास्थ्य र कृषि क्षेत्रमा बजेट बढाइएको छ । बढी बजेट स्वास्थ्य क्षेत्रमा वृद्धि गरी रु ९० अर्ब ६९ करोड पुर्‍याएको छ । सबै नेपालीमा स्वास्थ्य सेवा पुर्‍याउन, गुणस्तरीय स्वास्थ्य सेवा राख्न, स्वास्थ्य क्षेत्रको दायरा विस्तार गर्न, स्वास्थ्य क्षेत्रको पूर्वाधार निर्माण, स्तरोन्नति गर्न, स्वास्थ्य जनशक्ति विकास गर्न तथा कोरोना भाइरसको रोकथाम र नियन्त्रण गर्नका लागि रु ९० अर्ब ६९ करोड बजेट विनियोजन गरिएको अर्थमन्त्री खतिवडाले बताए ।

सरकारले कोरोनाका कारण समस्यामा परेका घरेलु साना तथा मझौला उद्यम तथा कोरोना प्रभावितलाई पाँच प्रतिशत व्याजदरमा ऋण दिने प्रबन्ध गरेको छ । कोरोनाका कारण समस्यामा परेका साना तथा लघुउद्यम तथा पर्यटन व्यवसायका श्रमिक र कर्मचारीको पारिश्रमिक भुक्तानी तथा व्यवसाय सञ्चालनका लागि रु ५० अर्बको छुट्टै कोष खडा गर्ने व्यवस्था गरेको जानकारी दिए ।

सो कोष राष्ट्र बैंकमार्फत सञ्चालन हुने त्यसमा सरकार र सरकारी स्वामित्वका सार्वजनिक संस्थान र दातृनिकायबाट प्राप्त हुने रकम रहने व्यवस्था गरिएको छ । यस्तै सरकारले रोकथाम तथा नियन्त्रणका लागि अवलम्बन गरिएका कारण दैनिक जनजीवनमा परेको प्रतिकूल प्रभावलाई सहज तुल्याउन यसअघि सार्वजनिक गरिएको तत्काल राहत कार्यक्रमलाई सङ्क्रमण जोखिम रहँदासम्म निरन्तरता दिइने भएको छ ।

सरकारले सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिने निर्णय गरेको छ । तर, कर्मचारीको भत्ता भने काटिने भएको छ । सरकारले कर्मचारीलाई प्रोत्साहन रकम भने उपलब्ध गराउने घोषणा गरेको छ । अर्थमन्त्री खतिवडाले कर्मचारीको प्रोत्साहन रकममा वृद्धि गरिएको जानकारी दिए । सरकारी कर्मचारीका सन्तानलाई शिक्षा र आवासका निम्ति सहुलियतपूर्ण ऋणको व्यवस्था गरिने बताउँदै कर्मचारीलाई रु एक लाखको कोभिड बीमाको प्रावधान बजेटमा समावेश गरिएको छ ।

## बजेटमा...

आलोचना गरिरहेका छन् । अर्थविद् डा. विश्व पौडेलले प्रधानमन्त्री रोजगार कार्यक्रम उपलब्धिपूर्ण तरीकाले परिचालनमा समस्या रहेको बताए ।

बजेटले भने प्रधानमन्त्री रोजगार कार्यक्रममा बजेट दोब्बर बनाउँदा थप दुई लाख रोजगारी सिर्जना हुने बताएको छ । उक्त कार्यक्रका लागि चालु आर्थिक वर्षमा ५ अर्ब १ करोड रकम विनियोजन गरिएको थियो ।

कोरोना भाइरसका कारण विदेशमा रोजगारी गुमाएर स्वदेश फर्केका युवाहरुलाई पारिश्रमिक सहितको जनसहभागिता मुलक रोजगार कार्यक्रम ल्याउने बजेटले उल्लेख गरेको छ । बजेटले कोरोना भाइरसका कारण नेपालभित्र र विदेशमा रोजगारी गुमाएकाहरुलाई लक्षित गरी विगत वर्षहरुदेखि बजेटमा समेटिएको ‘आफ्नो गाउँ आफैं बनाउँ कार्यक्रम’लाई यथावत राखेको छ। बजेटले सिलाइ कटाइ, हस्तकला, कालिगढ, विजुली मर्मत, सिकर्मी, डकर्मी, प्लम्बर, ब्युटिसियन, कपाल कटाइ लगायतका सीप विकास गरी ५० हजार रोजगारी सिर्जना गर्ने लक्ष्य राखी १ अर्ब रुपैयाँ छुट्याएको छ ।

अर्थ मन्त्री डा. खतिवडाले नेपाली श्रम बजारमा कार्यरत विदेशी कामदार फर्किएपछि खाली भएको अवसर विदेशबाट फर्किएका नेपालीले पाउने भएकाले निजी क्षेत्रसँग समेत सहकार्य गरी उनीहरुको सीप विकास गर्ने कार्यक्रम ल्याइने बताए ।

अर्थमन्त्री डा. खतिवडाले गरिबी निवारण कोषले परिचालन गरेको १९ अर्ब बीउ पुँजीलाई सहकारी मोडलमा परिचालन गरी थप एक लाख ५० हजार रोजगारी सिर्जना गर्ने लक्ष्य लिइएको उल्लेख गरे ।

बजेटले स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रलाई श्रम सूचना केन्द्रको रुपमा विकास गर्ने र निजी क्षेत्रका रोजगारदाताले सूचीकृत व्यक्तिलाई न्यूनतम दुई वर्ष रोजगारी दिने ग्यारेन्टी गरी तालिम दिएर रोजगारीमा लगाएर तीन महिनाको न्यूनतम पारिश्रमिकको ५० प्रतिशत ज्याला अनुदान दिने उल्लेख गरेको छ । त्यसका लागि एक अर्ब बजेट छुट्याइएको छ । त्यसबाट ५० हजार व्यक्तिले सीपयुक्त रोजगारी पाउने अनुमान गरिएको अर्थमन्त्री डा. खतिवडाले उल्लेख गरे ।

७५ हजारलाई तालिम दिने उद्देश्यसहित प्राविधिक तथा व्यावसायिक तालिममा ४ अर्ब ३४ करोड बजेट विनियोजन गरिएको छ । बैंक तथा वित्तीय संस्थाबाट प्रति शाखा १० जनालाई सहुलियत कर्जा दिएर ४० हजार रोजगारी सिर्जना गर्ने, युवा कार्यक्रमबाट १२ हजार र वन पैदावरबाट ३० हजार रोजगारी सिर्जना गर्ने लक्ष्य बजेटको व्यवस्था छ ।

नेपालमा प्रत्येक वर्ष ५ लाखको हाराहारीमा नयाँ युवा युवती श्रम बजारमा रोजगारी खोज्दै आउने गरेका छन् । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहमा चालु आर्थिक वर्षमा १३ लाख युवा युवती बेरोजगारका रुपमा दर्ता भएका छन् ।

## सरकारको ...

दिइएको अवस्थामा मुलुकको अर्थतन्त्रमा करिब एक चौथाई योगदान दिएको वैदेशिक रोजगार क्षेत्रलाई संबोधन नगर्नुले सरकारको पूर्वाग्रही दृष्टिकोण देखिएको बताए ।

बजेटमा वैदेशिक रोजगारको क्षेत्रलाई दिइनुपर्ने राहतका विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अर्थ मन्त्रालयमा लिखित सुझाव प्रस्तुत गरिएको सन्दर्भमा त्यसलाई ध्यान नदिइएको विषयप्रति सम्पूर्ण व्यवसायीहरुलाई निराश बनाएको भन्दै अध्यक्ष गैरेले व्यवसायीका न्यायोचित मागका लागि संघका तर्फबाट निरन्तर पहल गर्ने बताए ।

संघका निवर्तमान अध्यक्ष रोहन गुरुङले बजेटमा सहुलियत मागिएको अवस्थामा वैदेशिक रोजगार व्यवसाय भन्ने शब्दसम्म उल्लेख नहुनु अत्यन्त दुःखद विषय भएको बताए । उनले वैदेशिक रोजगार व्यावसायीको नगद धरौटी, बैंक ग्यारेन्टी लगायत जोड्दा करिब १७ अर्ब र कार्यलय पुर्वाधारको लगानी जोड्दा थप १ अर्ब लगानी रहेको भन्दै विषम परिस्थितिमा व्यवसायीलाई सहुलियत बजेटमा नहुनुले संघ नेतृत्वको पनि कमजोरी देखिने बताए ।

तर अध्यक्ष गैरेले भने व्यवसायीहरुलाई राहत दिइनुपर्ने विषयमा लविङ गर्न कुनै पनि कसर बाँकी नराखिएको दाबी गरे ।

## हजार...

चार वर्षीया बालिका र आठ वर्षीय बालक तथा १४ देखि ७० वर्ष उमेर समूहका २५ पुरुष र दुई महिला छन् ।

महोत्तरीका १७ जना रहेका छन् । ती मध्ये ४५ वर्षीया एक महिला र पुरुष १६ जना १५ देखि ४५ वर्ष उमेर समूहका छन् । रौतहटका तीनजना पुरुष १२ देखि ३० वर्ष उमेर समूहका, सप्तरीका १२ जना पुरुष १८ देखि ४२ वर्ष उमेर समूहका, सर्लाहीका सातजना पुरुष सातदेखि ३२ वर्ष उमेर समूहका र सिराहाका छ जना पुरुष १४ देखि ४० वर्ष उमेर समूहका छन् ।

दोलखाका दुई जना १९ र २० वर्षका पुरुष छन् । सोलुखुम्बुका २६ वर्षका पुरुष र बझाङका ५५ वर्षका पुरुष रहेका छन् । यसैगरी सुर्खेत प्रादेशिक प्रयोगशालामा गरिएको परीक्षणमा २३ जनामा सङ्क्रमण देखिएको छ । बझाङका एकजना पुरुष ३४ वर्षका, सुर्खेतमा १३ जना रहेका छन् । सुर्खेतमा दुई पाँच वर्षीया बालिका रहेका छन् । अन्य ११ देखि ३७ वर्ष उमेर समूहका सातजना पुरुष र २२ देखि ३९ वर्ष उमेर समूहका चारजना महिला छन् । तीमध्ये एकजना बोल्न नसक्ने महिला रहेकी छन् ।

दैलेखमा आठ जना रहेका छन् । एक जना २० वर्षीया महिला र सात जना १७ देखि ४० वर्षीय पुरुष रहेका छन् । यसैगरी प्रादेशिक प्रयोगशाला गण्डकीमा गरिएको परीक्षणमा तीन जनामा संक्रमण देखिएको छ । ती स्याङ्जा घर भएका ३९ वर्षीया महिला तथा २२ र २३ वर्षका पुरुष छन् । सेती अस्पतालको प्रयोगशालाको परीक्षणमा थप तीन जनामा सङ्क्रमण देखिएको छ । दार्चुलाका एक जना २५ वर्षीय पुरुष र कैलालीका दुई जना २५ र ३० वर्षीय पुरुष रहेका छन् । किटजन्य प्रयोगशाला हेटौँडामा गरिएको परीक्षणमा मकवापुरका एक जना ५० वर्षका पुरुषमा संक्रमण देखिएको छ ।

भेरी अस्पताल प्रयोगशालमा गरिएको परीक्षणमा चार पुरुषमा संक्रमण देखिएको छ । तीमध्ये नेपालगञ्जका एक जना २८ वर्षका र बर्दियाका तीन जना पुरुष २५ देखि ३४ वर्षका उमेरका छन् । धुलिखेल अस्पतालमा गरिएको परीक्षणमा १७ जनामा सङ्क्रमण देखिएको छ । तीमध्ये रौतहटका आठ वर्षीया बालकदेखि ४० वर्षका पुरुष रहेका छन् ।

संक्रमित व्यक्ति मध्ये प्रदेश नं. १ का आठ जिल्लाका १२९, प्रदेश नं २ का सबै आठ जिल्लाका ४१५, वाग्मती प्रदेशका १२ जिल्लाका ४४, गण्डकी प्रदेशमा चार जिल्लाका १७, प्रदेश नं ५ का नौ जिल्लाका ३६९, कर्णाली प्रदेशमा तीन जिल्लाका ४७ र सुदूरपश्चिम प्रदेशका सात जिल्लाका २१ जना छन् ।

१८७ डिस्चार्ज

मन्त्रालयका प्रवक्ता डा देवकोटाले अहिलेसम्म १८७ जना डिस्चार्च भई घर फर्किएका छन । प्रदेश नं १ मा ३०, प्रदेश नं २ मा १०१, प्रदेश नं. ३ मा ११, गण्डकी प्रदेशमा दुई, प्रदेश नं. ५ मा ३८ र सुदूरपश्चिम प्रदेशमा पाँच जना डिस्चार्ज भएका छन् । अहिलेसम्म पिसिआर परीक्षण ६० हजार ६९६ र आरडिटी एक लाख दुई हजार ३४ जनामा गरिएको छ । गत २४ घण्टामा पिसिआर दुई हजार ४१९ र आरडिटी सात हजार ७४७ जनामा गरिएको छ । यसैगरी क्वारेन्टिनमा ४६ हजार ५७ जना र आइसोलेसनमा ८५० जना रहेका छन् ।

# ‘खेलकुदमा बजेट घट्यो’

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, १५ जेठ



सरकारकाले आर्थिक वर्ष २०७७-०७८ को बार्षिक बजेट पेश गरेको छ। समग्रमा १४ खर्ब ७४ अर्ब ६४ लाख रुपैयाँको बजेट अर्थमन्त्री डा. युवराज खतिवडाले पेश गरेका छन् । संसद्को संयुक्त बैठकमा पेश भएको बजेट खेलकुद क्षेत्रमा भने घटेर आएको छ। गत वर्षको तुलनामा यसवर्ष १ अर्ब ६३ करोड बजेट घटेर आएको हो। गत आर्थिक वर्षमा ३ अर्ब ९९ करोडको बजेट आएकोमा यस वर्षमा २ खर्ब ३४ करोड विनियोजन भएको हो। अर्थमन्त्री खतिवडाले खेलकुद मार्फत मुलुकको पहिचान र प्रतिष्ठाको लागि खेलकुद क्षेत्रको समग्र बिकास अघि बढाउन संघ प्रदेश र स्थानिय तहको सहकार्यमा खेलकुद पुर्वाधारको निर्माण, प्रतियोगिता आयोजना र प्रशिक्षणका कार्यक्रम सञ्चालन गरिने बताए ।

यसैगरी निर्माणधीन अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा अन्य क्रिकेट रंगशाला, अन्तर र्ष्ट्रिय स्तरको खेलकुद परिसरको निर्माण एवम् अन्य प्रादेशिक रंगशाला निर्माण शुरु गर्न आवश्यक रकम विनियोजन गरेको छु। सबै स्थानिय तहमा खेलग्रामको बिकास गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु । अर्थमन्त्रीले संसद्मा भने ।

यस्तै, ‘नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्न राष्ट्रिय पुर्वाधार निर्माण र व्यवस्थापनका लागि रकम विनियोजन गरेको छु। खेलकुद पुर्वधारको कमी भएको कर्णाली प्रदेशमा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता सञ्चालन हुन सक्ने गरी खेलकुद पुर्वाधार बिकास गर्न, उच्च पर्वतीय खेलकुद तालिम केन्द्र स्थापना गर्न र थप कभर्ड हल निर्माण गर्न बजेट व्यवस्था गरेको छु। युवा तथा खेलकुद क्षेत्रमा २ अर्ब ३६ करोड विनियोजन गरेको छु।’ संसद्मा अर्थमन्त्रीले भनेका थिए ।

संसदमा विहीबार सार्वजनिक भएको बजेट प्रति युवा तथा खेलकुदमन्त्री जगतबहादुर विश्वकर्मा सुनारले सकारात्मक प्रतिक्रिया दिएका छन् । अहिलेको परिस्थीतिमा आएको बजेटले समग्र खेलकुदलाई समेटेको बताउँदै पूर्वाधार निर्माणको कामले निरन्तरता पाएको उल्लेख गरे ।

उता, राष्ट्रिय खेलकुद परिषद् राखेपका सदस्य सचिव रमेश कुमार सिलवालले भने बजेटले खेलकुद क्षेत्रलाई निराश बनाएको बताएका छन् ।

प्रधानमन्त्रीदेखि सबै सरकारी निकायहरु खेलकुद प्रति सकारात्मक हुँदा हुँदै पनि खेलकुदको बजेट घट्नु दुर्भाग्य भएको टिप्पणी गरे । कोरोना भाइरसको महामारीका कारण बजेट घट्ने निश्चित भए पनि आफूले कम्तिमा ३ अर्बको बजेट आउने अपेक्षा गरेको बताए । प्रतिशतमा भन्दा अहिले आशा गरेको भन्दा ४० प्रतिशतले कम बजेट आएको जानकारी दिए । उनले भने ‘बजेट सरसर्ती हेर्दा निराशा जनक त छ, रातो किताबमा आएपछि थप कुरा गर्दा राम्रो हुन्छ ।’

बजेटको अहिलेको रकम हेर्दा निराशाजनक भएपनि पछि सरकारले खेलकुदका लागि बजेट थप गर्दै जाने विश्वास पनि व्यक्त गरे ।

‘अर्थमन्त्रीले खेलकुदको बजेटको सिँगो सैद्धान्तिक पक्षको व्याख्या गर्दा अन्तर्राष्ट्रिय खेल मैदान निर्माण, प्रादेशिक रंगशालाहरुको निर्माण, स्थानीय खेल ग्रामको निर्माण, कर्भडहलको निर्माणको कुरा उल्लेख गर्नुभएको छ । यसमा मेरो सैद्धान्तिक सहमति छ। हाई अल्टिच्युट ट्रेनिङ सेन्टर निर्माण, नवौं राष्ट्रिय खेलकुदको आयोजना यी सबै काम गर्ने हो भने यो बजेट अपर्याप्त छ । अहिलेको अवस्था सुध्रियो भने खेलकुदमा थप बजेट आउँछ भन्नेमा म विश्वस्त छु।’ सदस्य सचिव सिलवालको भनाई थियो ।

यस्तै, नेपाल ओलम्पिक कमिटिका अध्यक्ष जीवनराम श्रेष्ठले बजेट सन्तुलितरुपमा आएको बताएका छन् ।

सरकारले आर्थिक वर्ष २०७७-०७८ को बजेट विहीबार संसदमा पेश गरेपछि प्रतिक्रिया दिदैं कोरोना भाइरसको महामारीको प्रभाव बजेटमा परेकाले यसरको असर खेलकुदमा पनि परेको बताए ।

पूर्वाधार निर्माण लगाएतका कुराहरु बजेटमा उल्लेख भए पनि सबै कुराहरु रातो किताब हेरेर मात्रै भन्न सकिने बताए । यसैगरी कर्णालीमा पर्वतीय खेलकुद केन्द्र बनाउने कुरा सकारात्मक भएको बताउँदै यसलाई सन्तुलितरुपमा बजेट आएको व्याख्या गरे । विगतमा आठौं राष्ट्रिय खेलकुद र १३ औं दक्षिण एशियाली खेलकुका कारण बजेट अलि बढी आएको स्मरण गर्दै अहिले आसन्न नवौं राष्ट्रिय खेलकुद पनि सञ्चालन गर्नुपर्ने बेला रहेको उल्लेख गरे । तर सागका बेला नवौं राष्ट्रिय खेलकुद हुने पोखरामा केही पूर्वाधारहरु बनि सकेकाले पनि नवौंका लागि त्यतिधेरै पूर्वाधार बनाउनु पर्ने अवस्था नरहेको पनि उल्लेख गरे ।

# फ्रान्समा हाइड्रोक्सिक्लोरोक्वीन औषधि प्रतिबन्धत




**पेरिस, एजेन्सी** –फ्रान्सले कोरोनाभाइरसको उपचारका लागि हाइड्रोक्सिक्लोरोक्वीनको प्रयोगमाथि औपचारिक रूपमा प्रतिबन्ध लगाएको छ । औलो रोगको उपचारमा प्रयोग हुने यो औषधि कोरोनाभाइरसको उपचारमा हानिकारक रहेको अनुसन्धानबाट देखिएपछि फान्सले प्रतिबन्ध लगाएको हो ।

फान्सका दुईवटा स्वास्थ्य निकायहरू एचसीएसपी र एएनएसएमले कोभिड-१९ को उपचारमा हाइड्रोक्सिक्लोरोक्वीनको प्रयोग गर्न नहुने सल्लाह दिएको एक दिनपछि फान्सले उक्त निर्णय गरेको हो। अध्ययनमा यस औषधिका नकारात्मक र डरलाग्दा असर हुने भेटिएको छ ।

साथै, विश्व स्वास्थ्य संगठनले सोमबार घोषणा गरेझैं फ्रान्समा यस औषधिको क्लिनिकल परीक्षणमाथि पनि प्रतिबन्ध लगाइएको छ । फान्सको स्वास्थ्य मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै कोभिड-१९ का विरामीलाई औलो विरुद्धको औषधि हाइड्रोक्सिक्लोरोक्वीन सिफारिस गर्न प्रतिबन्ध लगाइएको जनाएको छ। कोरोनाभाइरसको कुनै खोप वा प्रामाणिक औषधि पत्ता नलागेको अवस्थामा फान्सले गत मार्चमा यस औषधिलाई कोभिड-१९ का विरामीले सेवन गर्न सक्ने भन्दै अनुमति दिएको थियो ।

बेलायती मेडिकल जर्नल ल्यान्सेटले कोभिड-१९ का बिरामीलाई हाइड्रोक्लोरोक्वीन औषधि सेवन गर्न दिइए त्यसले गम्भीर स्वास्थ्य समस्या निम्त्याउने, व्यक्तिको मृत्यु हुने भन्दै प्रयोग गर्न नहुने बताएको थियो ।

तर यस औषधिका समर्थकहरू पनि थुप्रै छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र ब्राजिलका राष्ट्रपति जेयर बोल्सोनारोले कोरोनाभाइरसको उपचारका लागि हाइड्रोक्लोरोक्वीनको प्रयोगलाई प्रवर्द्धन गरिरहनु भएको छ । दुबै देशमा कोरोना संक्रमितको संख्या बढी छ ।

# भारतमा कोरोना संक्रमितको संख्या १ लाख ५८ हजार नाघ्यो



**नयाँ दिल्ली, एजेन्सी–** भारतमा बुधबार एकै दिनमा ६ हजार ५६६ जना कोरोना संक्रमित थपिएका छन् । बिहीबार बिहानसम्म कोभिड-१९ संक्रमितको संख्या १ लाख ५८ हजार ३३३ पुगेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

बिहीबार जारी तथ्याङ्कअनुसार भारतमा कोभिड १९ बाट मृत्यु हुने व्यक्तिको संख्या ४ हजार ५३१ जना पुगेको छ । यस संक्रमणबाट निको भएका बिरामीको संख्या ६७ हजार ९९२ जना रहेको पनि सो मन्त्रालयले जानकारी दिएको छ । हाल भारतमा ८६ हजार ११० जना कोरोना संक्रमित उपचाररत रहेका समाचारमा जनाइएको छ ।

कोभिड-१९ बाट सबैभन्दा बढी भारतको महाराष्ट्र राज्यका नागरिक संक्रमित भएका छन् । यहाँमात्र ५६ हजार ९४८ नागरिक कोरोना भाइरस संक्रमित रहेका छन् । महाराष्ट्रपछि तमिलनाडूमा दोस्रो स्थानमा रहेको छ । त्यहाँ १८ हजार ५४५ जनामा कोरोना भाइरसको संक्रमण रहेका छन् । गुजरातमा १५ हजार १९५ संक्रमति रहेका छन् । दिल्लीमा १५ हजार २५७ जना कोरोना संक्रमित रहेका छन् ।

भारतमा दुई महिना भन्दा बढी समयदेखि कोरोना भाइरस संक्रमण फैलिने डरले लकडाउन जारी रहेको छ। कोरोना भाइरसको संक्रमण क्रम नरोकिएपछि भारत सरकारले देशव्यापी रूपमा गरेको लकडाउनलाई मे ३१ सम्म जारी रहने घोषणा गरेको छ । कोरोना भाइरस नियन्त्रण र रोकथामको लागि लकडाउनको चौथो चरण आगामी मे ३१ सम्म जारी रहने भारत सरकारले जानकारी दिएको हो ।

भारतीय गृह मन्त्रालयले गत २४ मार्चदेखि लागू गरिएको लकलडाउन थप १४ दिनको लागि बढाउने निर्णय गरेको छ। भारतमा पहिलो चरणको लकडाउन गत २४ मार्चमा लगाइएको थियो । दोस्रो चरण लकडाउन १५ अप्रिलमा शुरु भएको थियो । तेस्रो चरणको लकडाउन मे ४ बाट शुरु थियो ।

भारतले सरकारले गत मे ४ देखि लागू हुने गरी मे १७ सम्म थप दुइ साताको गरिएको तेस्रो चरणको लकडाउन समाप्त भएपछि चौथो चरणको लकडाउन शुरु भएको थियो । विगत केही दिनयता भारतभरि नै कोरोना भाइरसको संक्रमित को संख्यामा बृद्धि देखिएपछि चौथो चरणको लकडाउन गर्ने निर्णय गरिएको हो। भारतमा विगत केही दिनयता संक्रमणको बृद्धिदर उच्च देखिएको छ । यद्यपी अघिल्ला चरणका लकडाउनको तुलनामा चौथो चरण हालको लकडाउन केही खुकुलो गरिएको छ ।

# नेपाली खेलाडीहरु छनोट चरणबाटै बाहिरिए




एशियन चेस महासंघको आयोजनामा भएको एशियन जुनियर एण्ड गर्ल्स अनलाईन चेस च्याम्पियनसिप २०२० बाट नेपालका सवै खेलाडीहरु छनोट चरणबाटै बाहिरिएका छन् ।

बुधबार भएको छनोट खेलमा सवै नेपाली खेलाडीहरु बाहिरिएको नेपाल चेस संघ महिला कमिसनकी प्रमुख मोनालिशा खुम्बुले जानकारी गराईन् । एशियन जुनियर एण्ड गर्ल्स अनलाईन चेस च्याम्पियनसिप २०२० ३.२ जोन अन्तरगत नेपाल, बंगालादेश, पाकिस्तान, श्रीलङ्का र मालदिभ्स रहेको समूहमा नेपालका तीन पुरुष र तीन छात्रा गरि ६ खेलाडीहरुले सहभागिता जनाएका थिए। स्विस प्रणाली अन्तरगत ९ चरणको खेलमा जुनियर खुलातर्फ अबिश्रे श्रेष्ठले छैटौं स्थानमा रहँदै च्याम्पियनसिपलाई पूर्ण बिराम लगाए। उनले ४ अंक प्राप्त गरे। यस्तै ३.५ अंकका साथ बिवेक श्रेष्ठ सातौ र ३.५ अंकका साथै निकेन कुशथा दशौं स्थानमा रहँदै प्रतिस्पर्धाबाट बाहिरिए । जुनियर खुला तर्फ शिर्ष दुई स्थान बंगलादेशका खेलाडी भए भने तेश्रो स्थानमा श्रीलङ्काका खेलाडी भए ।

यस्तै छात्राहरु पनि प्रतिसपर्धाबाट बाहिरिएका छन् । खुस्बु थापा सातौ, अनिशा न्यौपाने आठौं र कृतीसरा अधिकारी नवौं स्थानमा रहँदै प्रतिस्पर्धाबाट बाहिरिएका हुन्। थापा र न्यौपानेले ३.५ र अधिकारीले ३ अंक प्राप्त गरेका थिए। छात्रा तर्फ शिर्ष तीन स्थानमा बंगालादेश, श्रीलङ्का र बंगलादेशका खेलाडी रहे ।

पहिलो चरणमा शिर्ष तीन स्थान हात पार्ने खेलाडीहरु फाईनल चरणका लागि छनोट भएका छन् ।बिजेतालाई एशियन जुनियर (छात्रा) अनलाईन चेस च्याम्पियनसिप २०२० घोषित गरिनुका साथै शिर्ष तीन स्थान प्राप्त गर्नेलाई नगद १ हजार ५ सय, १ हजार र ५ सय डलर, स्वर्ण, रजत र कास्य, तथा प्रमाण पत्र प्रदान गरिने छ। यस्तै महिला तर्फ शिर्ष तीनले ७ सय ५०, ५ सय र २ सय ५० डलर नगद पुरस्कार सहित स्वर्ण, रजत र कास्यका साथै प्रमाण पत्र प्राप्त गर्ने छन् ।

# अफगानिस्तानमा २४ घन्टामा ५६० कोरोना संक्रमित थपिए



**काबुल, एजेन्सी-** अफगानिस्तानमा गएको २४ घन्टायता ५६० जना कोरोना संक्रमित थपिएका जनस्वास्थ्य मन्त्रालयले बिहीबार जानकारी दिएको छ ।

यो समेत गरी बुधबारसम्म यहाँ कोभिड १९ का संक्रमितको संख्या १३ हजार १६ पुगेको पनि सो मन्त्रालयले जनाएको छ ।

उक्त मन्त्रालयले दिएको जानकारीअनुसार अफगानिस्तानमा पनि दिन प्रतिदिन कोरोनाका संक्रमितहरू थपिएका छन् । गत २४ घन्टायता अफगानिस्तानमा कम्तीमा पनि आठ जना संक्रमितको ज्यान गएको छ। यहाँ कोरोना संक्रमणबाट अहिलेसम्म २३५ जनाको ज्यान गएको पनि समाचारमा जनाइएको छ ।

यहाँ कारोनाका संक्रमितमध्ये १ हजार २०९ जना निको भएर फर्क्किएका छन् । यहाँ निधन भएकाहरूमा कुनै न कुनै रोगका विरामीहरू रहेका पनि सो मन्त्रालयले जानकारी दिएको छ । हाल अफगानिस्तानमा ११ हजार ५७२ जना कोरोना संक्रमित उपचाररत रहेका समाचारमा जनाइएको छ ।

# मोदी र राजपाक्छे फोनवार्ता



**नयाँ दिल्ली, एजेन्सी-** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले श्रीलंकालाई कोभिडका विरुद्धमा लड्न आवश्यक सहयोग गर्ने बताएका छन् । उनले विहीबार श्रीलंकाली प्रधानमन्त्री महिन्दा राजपाक्छेलाई फोन गरी सो विषयमा जानकारी गराएका हुन् । उनले प्रधानमन्त्री राजापाक्छेलाई बिहीबार बिहान फोन गरेर श्रीलंकामा कोभिड १९ का विरुद्धको अभियानमा आवश्यक सहयोग गर्ने जानकारी दिएका थिए ।

साथै त्यस क्रममा दुई देशका प्रधानमन्त्रीबीच भारत र श्रीलंकमा कोभिड १९ ले पारेको प्रभावका बारेमा पनि कुराकानी भएको थियो । कोभिड १९ का कारण भारत र श्रीलंकमा परेको प्रभावका साथै आगामी दिनमा यी दुई देशबीचको आर्थिक तथा सामाजिक क्षेत्रमा के कस्तो प्रभाव या असर पर्ला भन्ने बारेमा पनि कुराकानी भएको भारतीय प्रधानमन्त्रीको कार्यालयद्धारा जारी गरिएको विज्ञप्तिमा जानकारी दिइएको छ।

त्यस कुराकानीको अवसरमा प्रधानमन्त्री मोदीले श्रीलंकाका प्रधानमन्त्री राजपाक्छे त्यहाँको संसदमा प्रवेश गरेको ५० वर्ष पुगेको अवसरमा उहाँलाई बधाई ज्ञापन पनि गरेको समाचारमा जनाइएको छ ।

श्रीलंकामा उनको लामो प्रजातान्त्रिक अनुभवले देशमा प्रजातन्त्र र संसदीय व्यवस्थाको विकासका लागि सहयोग पुग्ने भन्दै त्यसका लागि प्रधानमन्त्री मोदीले शुभकामना पनि व्यक्त गरेको समाचारमा उल्लेख गरिएको छ ।

# रसियाद्वारा एससीओ, ब्रिक्स शिखर सम्मेलन स्थगित



**मस्को, एजेन्सी-**रसियामा जुलाईमा आयोजना गर्न लागिएका ब्रिक्स र शाङ्घाई सहयोग संगठन (एससीओ) का शिखर सम्मेलनहरू स्थगित भएका छन् । रसियाली राष्ट्रपतिको कार्यालयले कोरोनाभाइरस महामारी नियन्त्रणमा आइनसकेको भन्दै उक्त दुबै सम्मेलनका लागि नयाँ मिति घोषणा गरिने जनाएको छ। यी बैठकहरू सेन्टपिटर्सबर्गमा आगामी जुलाई २१ देखि २३ सम्म आयोजना हुने गरी तय भएका थिए। क्रेमलिनका अनुसार सहभागी मुलुक तथा विश्वव्यापी कोरोनाभाइरसको अवस्था पुनर्मूल्याँकन गरी नयाँ मिति घोषणा गरिनेछ ।

# पाकिस्तानमा पनि बढ्दै कोरोना भाइरसका संक्रमित

**इस्लामावाद एजेन्सी-**पाकिस्तानमा कोरोनाभाइरस संक्रमितको संख्या बढ्दै गएको छ। प्राप्त समाचारअनुसार पाकिस्तानमा संक्रमितको संख्या ६१ हजार २२७ पुगेको सोमबार पाकिस्तानी अधिकारीले बताएका छन् । विगत २४ घण्टामा पाकिस्तानमा २ हजार ७६ संक्रमित थपिएका बताइएको छ ।

पाकिस्तानमा संक्रमित मध्येका १ हजार २६० व्यक्तिको अहिलेसम्म मृत्यु भएको पनि अधिकारीहरले जानकारी दिएका छन्। पाकिस्तानमा बुधबार मात्र ३५ जना संक्रमितको ज्यान गएको छ। पाकिस्तानी समाचार संस्था जिओ न्यूजले सबैभन्दा बढी प्रभावित पाकिस्तानको सिन्ध राज्यमा रहेको बताएको छ । त्यसपछि कोरोना भाइरस संक्रमित राज्यमा पञ्जाव, खैबर पाख्तुनख्वा,बालोचिस्तान, गिलगित बाल्टिस्तान, इस्लामावाद र पाकिस्तान प्रशासित काश्मिरमा रहेका छन् ।

संक्रमितहरूमध्ये २० हजार २३१ जना व्यक्ति उपचारपछि निको भएर घर फर्किएका पनि प्राप्त समाचारमा जनाइएको छ। अधिकारीहरूले यहाँका विभिन्न अस्पतालमा ३९ हजार ७३६ जना संक्रमितले उपचार गराइरहेको जनाएका छन् ।

**वन पैदावर लिलाम बिक्रीको सूचना**

प्रथम पटक प्रकाशन मिति : २०७७/०२/१६

आप गोलिया काठ थान १३८ को १३३९.१० क्यू.फि. र २०x५x५ को ५.० चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। साथै यस सम्बन्धी विस्तृत सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**डिभिजन वन कार्यालय, गोरखा**
फो.नं. ०६४-४२०१३६

**मोटरसाइकल हराएको सूचना**

मिति २०७६/१२/०३ गते अन्दाजी राती १२:०० बजे त्रिशुली बजार सिलटंकी, नुवाकोटबाट प्रदेश नं. ३-०२-००७ प १९३४ नम्बरको कालो र निलो १५० CC पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरी बुझाई दिनु हुन अनुरोध गर्दछु।

**सवारी धनी : विनोद रिमाल**
**ठेगाना : तारुका-८, नुवाकोट**
**च्यासिस नं:** MD2A11CY6KPA-09818
**इन्जीन नं :** DKYRKA-94398
**सम्पर्क : ९८४१०९२८८५**

**श्री बौडेश्वर माध्यामिक विद्यालय**
**टोखा नपा-१, काठमाडौं ।**
**शिलवन्दी दरभाउपत्र आह्वानको सूचना**
प्रकाशित मिति : २०७७/०२/१६

बागमती प्रदेश सरकारको सहयोगमा यस विद्यालयलाई सूचना प्रविधि मैत्री निर्माणार्थ उपकरण खरिद कार्य शिलवन्दी दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत प्राप्त ब्यबसायीहरुबाट रितपूर्वक शिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ । बृस्तृत जानकारीको लागि यस विद्यालयको प्राधानाध्यापकको सम्पर्क नं. ९८४११४५१८२ मा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

| ठेक्का नं. | खरिद सम्बन्धी बिवरण | फाराम दस्तुर (रू.) | जमानत रकम (रू.) | शि.द. मान्य अवधि | खरिद गर्ने अन्तिम मिति | पेश गर्ने अन्तिम मिति र समय | खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| 01/SQ/BS/G/2076-77 | बौडेश्वर मा. वि. सूचना प्रविधिमैत्री उपकरण खरिद | १,०००।- | ४०,०००।- | ४५ दिन | जेष्ठ ३०, २०७७ | जेष्ठ ३२, २०७७ मध्यान्ह १२ बजे | जेष्ठ ३२, २०७७ दिनको १ बजे |

**प्रधानाध्यापक**

## बजेटमा उद्योगी व्यवसायीको मिश्रित धारणा

# सबैलाई समेट्नेगरी बजेट आयो

**एपी न्यौपाने/मध्यान्ह**
काठमाडौं, १५ जेठ

बिहीबार संघीय संसदको संयुक्त सदनमा सार्वजनिक भएको आगामी आर्थिक बर्षको बजेटमा उद्योगी व्यवसायीका विभिन्न मागहरु समेटिएका छन् । अर्थमन्त्री डा. युवराज खतिवडाले प्रस्तुत गरेको १४ खर्ब ७४ अर्ब ६४ करोडको उद्योगी व्यवसायीका केही मागहरु समेटिएपनि केही मागहरुको भने टुंगो नलागेको उद्योगी व्यवसायीहरुले बताएका छन् । सरकारले बजेटमा विभिन्न उद्योगलाई पुनर्कर्जामा दिने सहुलियत, विद्युत महशुलमा छुट लगायका मागहरु भने पुरा गरेको छ । जसका कारण उद्योगी व्यवसायीले भनेजस्तो बजेट आएको बताएका छन् । बजेटमार्फत विभिन्न उद्योगी व्यवसायीका केही निश्चित मागहरु समेटिएपछि भनेअनुसार स्टिमुलस प्याकेज भने नआएको नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य हेमराज ढकाल बताउँछन् । उनले बजेटमार्फत विद्युतको शुल्कमा केही मिनाहा गर्ने, रोजगार बढाउने, पुनर्कर्जा कोषलगायतका कुराहरु भने राम्रा भएको बताए । उनका अनुसार धेरै कुराहरुलाई बजेटमार्फत निरन्तरता पनि दिईएको छ । तर कृषि क्षेत्रलाई ब्यावसायिक र यान्त्रिकरण गर्नेतर्फ भने नयाँ केही नसमेटिएको उनको भनाई छ ।

उनका अनुसार रोजगार र कृषिमा पुराना भन्दा पनि नयाँ कार्यक्रमको अपेक्षा गरिएको थियो । तर केही कुराहरु समेटिएपनि बजेट छरिएर आएको छ । यस्तै कोरोनाको महामारीबीच ल्याईएको बजेटमा प्रायजसो सेक्टरलाई समेटेको नेपाल उद्योग परिसंघका अध्यक्ष सतिश मोरको भनाई छ । उनका अनुसार बजेटमा रोजगारीका क्षेत्रका दक्ष जनशक्तीलाई सम्मिलित गर्ने र नयाँ जनशक्तीलाई दक्ष बनाउनेमा केन्द्रित गरिएको छ । साथै स्वास्थ्य क्षेत्रलाई पनि सोही अनुसार प्राथमिकतामा राखिएको छ । तर माग गरेको डिमान्ड अनुसार विद्युतको महशुलमा छुटको कुरा पनि बजेटमा समावेश भएको उनको भनाई छ ।



बजेटमा विद्युतको महशुल, सहुलियत कर्जा, पुनर्कर्जालगायतमा क्षेत्रहरुलाई घुमाउरो पाराले समेटिएको तर विस्तृत भने केही बुझ्न बाँकी रहेको उनको भनाई छ ।

साथै निजी क्षेत्रका जलविद्युत उत्पादकहरुको संस्था ईप्पानका अध्यक्ष शैलेन्द्र गुरागाईँ भने बजेटमा पुर्ण असहमत भएको बताए । उनले निजी क्षेत्रका जलविद्युत उत्पादकलाई सरकारले लोडसेडिङ हुँदा मात्रै ध्यान दिने र लोडसेडिङको अन्त्य भएसँगै सरकारले पनि हेर्न छोडेको बताए । उनले लोडसेडिङ अघि बजेटमार्फत नै यो दिन्छु र त्यो दिन्छु भनेर आश्वासन दिईन्थ्यो, घोषणा गरियो, सम्झौता पनि भयो तर लोडसेडिङ सकिएपछि ति सबै हराएको बताए ।

यस्तै नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छा भने आफ्ना प्रायजसो मागहरु समेटिएको बताउँछन । उनका अनुसार बजेटलाई सरसर्ती हेर्दा त्यति एग्रेशिभ भने छैन । आन्तरिक र बाह्य ऋण धेरै उठाउने कुरा गरिएको छैन । उनले व्यवसायीले मागेको राहतमध्ये पुनर्कर्जा, रकम फछ्र्यौटलगायतका कुराहरु भन समेटिएका छन् । तर हामीले मागेको स्टिमुलस प्याकेज ल्याउने त भनिएको छ तर कसले कसरी पाउने कहिले पाउने लगायतका कुराहरु भने पछि मात्रै थाहा होला । यसले नेपालको अर्थतन्त्रलाई कत्तिको फरक पार्छ भन्नेमा पनि ध्यान दिनु आवश्यक छ । हामीले मागेको भ्याटमा २ तहको छुटलगायतका कुराहरु आएका छैनन । हामीले राखेका मागमध्ये केही कुराहरु समेटिए भने केही कुराहरु थाहा पाउन बाँकी छ ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेशकाजी श्रेष्ठ भने बजेट जहिले पनि सुन्दा राम्रो हुने बताउँछन् । यस पटक निजी क्षेत्रका मागहरुलाई धेरै हदसम्म सम्बोधन गरिएकाले यस अघि ल्याइएका बजेटभन्दा धेरै राम्रो भएको उनको टिप्पणी छ ।

सरकारले जनताको स्वास्थ्य, कृषि पर्यटन, वेदैशिक रोजगारीमा गएका युवाहरुलाई जुन तरिकाबाट सम्बोधन गर्न खोजिएको छ त्यो एकमदै राम्रो भएको उनको भनाई छ । बजेटले युवाहरुलाई कृषिमा लाग्न प्रेरित गरेको छ । भने पर्यटन क्षेत्रलाई प्रवर्द्धन गर्ने काम गरेको छ ।

निजी क्षेत्रले आन्तरिक पर्यटन प्रवर्द्धन गर्न माग गरेको थियो बजेटले यसलाई सम्बोधन गरेको छ । साना तथा घरेलु उद्योगलाई पनि धेरै हदसम्म सम्बोधन गर्न खोजिएको छ । तर यी विषयलाई कसरी सम्बोधन गरिएको छ यसको लागि विस्तृतमा बजेट नै अध्ययन गर्नुपर्ने उनले जनाए ।

सरकारल आफ्ना नागरिकको जीवन रक्षाको लागि कोरोनासँग जुध्न जुन खालको बजेट विनियोजन गरेको छ त्यो एकदमै स्वागत योग्य कुरा हो । बजेटले नागिकको बजेट रक्षाको लागि काम गरेको छ तर जिविकोपार्जनका लागि भने ध्यान दिएको उनको भनाई छ ।

नेपाल उद्योग परिसंघका बरिष्ठ उपाध्यक्ष विष्णुकुमार अग्रवाल पनि यसपालीको बजेटमा व्यवसायीका सबै मागहरु समेटिएको बताउँछन् । सरकारले आर्थिक बर्ष २०७७/७८ का लागि ल्याएको बजेट स्वागतयोग्य रहको उनले बताए । बजेटको आकार घट्दा पनि प्रदेश तथा स्थानीय तहमा जाने रकम नघटाई पूँजीगत खर्च अन्तरगत जुन रकम विनियोजन गरिएको छ त्यो एकदमै राम्रो पक्ष हो । यसले चालू खर्च घटाई पूँजी निर्माणमा बजेट परिचालन गर्न सहयोग पुर्याउँछ ।

## बन्दाबन्दीले निगुरो बिकेन

**रविन विश्वकर्मा/मध्यान्ह**
प्यूठान, १५ जेठ



बैशाख महिनाको सुरुदेखि प्यूठानका उत्तरी क्षेत्रका जगंलमा निगुरो पलाउन सुरु गर्छ । प्यूठानको स्याउलीवागं, लिघा, डार्मि, खवाङ्ग, रजवारा अर्खा लगाएत क्षेत्रमा निगुरो प्रशस्त पाइन्छ । यो समय यहाका स्थानीयको आम्दानीको गतिलो माध्यम हो । यहाँका अधिकांश बिपन्न परिवारले तरकारीको रुपमा प्रयोग गरिने निगुरो बिक्री गरी राम्रो आम्दानी गरी आफ्नो जीविकोपार्जन गदै आएका छन।तर नोवल कोरोना भाइरस (कोभिड-१९) को संक्रमणका कारण उत्पन्न बन्दाबन्दीले बिपन्न परिवार भने मारमा परेका छन् ।जगंलमा प्रसस्तै पाइने निगुरो टिपेर बजारसम्म पुर्याउन नपाए पछि उनीहरु समस्यामा परेका छन्। ।

नौबहिनी गाउँपालिका १ स्याउलीवागंकी अस्मिता शेरचनले गएको वर्ष निगुरो बिक्री गरेर एकै सिजनमा बीस हजार रुपैयाँ आम्दानी गरेकी थिइन् । विगतका वर्षमा निगुरो बिक्री गरेर मनोग्य आम्दानी गरेपनि यस वर्ष भने बिक्री गर्न नपाउँदा उनी चिन्तित छिन् । निगुरो टिपेर बाहाने, बाग्दुला, बिजुवार, जुम्री लगायका स्थानीयले बजार पठाउने गरेको थिए । उनले भनिन्, 'यसपाली त लकडाउनका कारण होटल, बजार र तरकारी पसलहरु सबै बन्द छन्, कहाँ पठाउनु ?' शेरचनको छ जनाको परिवार छ । श्रीमानले दोस्रो बिवाह गरे पछि परिवारको सबै जिम्मेवारी उनकै काँधमा छ । 'गत वर्ष निगुरो बेचेरै नुन, तेल,चामल,अन्नपात तथा लत्ताकपडा जोडेकी थिएँ', उनले भनिन् , 'तर यो सिजनमा भने एक हजार रुपैयाको पनि निगुरो बिक्री भएन ।' यहि सिजनमा निगुरो बिक्री नै आम्दानीको प्रमुख स्रोत भएकामा यस वर्ष टिपेको निगुरो बेच्न नपाउंदा घरखर्च चलाउन समस्या भएको उनी बताउँछिन् ।

नेपालका बिभिन्न शहर दाङ, बुटवल, काठमाडौं, पोखरासँगै सिंगापुर, हङकङ, मलेसिया , जापानमासमेत निगुरो उपहार पठाएपनि यसपाली यातायात, हवाई सेवा सबै बन्द हुँदा पठाउन नपाएको शेरचनले बताइन् ।

स्याउलीवागकी दला शेरचनको पनि मौसमी आयस्रोत निगुरोनै थियो । गत वर्ष ३० हजारभन्दा बढीको निगुरो बिक्री गरेको उनी बताउँछिन् । जारी लकडाउनले उत्पादित निगुरो बिक्री गर्न नपाएपछि सुकाएर राख्न थालेकी छु,' शेरचनले भनिन्, 'अहिले उत्पादित कृषि उपज बजारमा पुऱ्याउन सहज छैन । टिपेको निगुरो बन्दाबन्दीले न बेच्न जान पाइयो, यसै कुहाएर खेर फाल्नु भन्दा सुकाएर राख्दा पछि तरकारीको रुपमा प्रयोग गर्न सकिन्छ ।'

एक केजी निगुरोको रु १०० देखि १२० रुपैयांसम्ममा बिक्री हुन्छ । यस क्षेत्रका करिव ४ सय परिवारले निगुरो बिक्री गरेर राम्रो आम्दानी गर्दै आएको नौबहिनी गाउंपालिका १ का अध्यक्ष शेर बहादुर सेनले बताए । आफ्नो वडाबाट एक सिजनमा मात्रै करिब ७० परिवारले रु दश हजार देखि ८० हजारसम्म निगुरोबाट आम्दानी गर्ने अध्यक्ष सेनले जानकारी दिए । निगुरोबाट वार्षिक मनग्य आम्दानी गर्ने विपन्न परिवारको यस वर्षको आय गुमेको उनको भनाइ छ ।

## हवाई पूर्वाधारमा १९ अर्ब ४२ करोड बजेट, पर्यटनमा जोड

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ जेठ

सरकारले आगामी आर्थिक बर्षको बजेटमार्फत महत्वपूर्ण पर्यटकीय पूर्वाधारका रुपमा रहेको मुलुकको हवाई क्षेत्रको पूर्वाधार विस्तारका लागि आगामी आर्थिक वर्षका लागि रु १९ अर्ब ४२ करोड बजेट विनियोजन गरेको छ । अर्थमन्त्री डा युवराज खतिवडाले आज सङ्घीय संसद्को संयुक्त वैठकमा आव२०७७/०७८ को आयव्ययको अनुमानित विवरण (बजेट) प्रस्तुत गर्दै पर्यटन हवाई पूर्वाधार विकासका लागि बजेट घोषणा गरेका हुन । अन्तरराष्ट्रिय विमानस्थलको निर्माण तथा स्तरोन्नतिका लागि यो बजेट खर्च गरिनेछ । अघिल्लो आव २०७६/७७ मा हवाई क्षेत्रको पूर्वाधार विकासका लागि रु १९ अर्ब ३५ करोड बजेट विनियोजन गरिएको थियो । हवाई पूर्वाधारमा अघिल्लो वर्षभन्दा यो वर्ष सात करोड बढी बजेट छुट्याइएको छ । सुरक्षित, नियमित, विश्वसनीय र सुलभ हवाई सेवाका लागि गुणस्तरीय हवाई पूर्वाधार निर्माणलाई प्राथमिकता दिएको सरकारले अन्तर प्रदेश हवाई सम्पर्क विस्तार र अन्तरराष्ट्रिय हवाई सेवा बढाउन बजेट छुट्याएको छ ।

निर्माणाधीन गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलमा दोस्रो टर्मिनल भवन निर्माण र पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थलका लागि बजेट छुट्याएको छ । बाराको निजगढ अन्तरराष्ट्रिय विमानस्थलमा बस्ती स्थानान्तरणका लागि बजेट विनियोजन गरिएको छ । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको क्षमता अभिवृद्धिका लागि पनि बजेट विनियोजन गरिएको अर्थमन्त्री डा खतिवडाले बजेट वक्तव्यमा उल्लेख गरे । सुर्खेत र चितवनको भरतपुर विमानस्थललाई प्रादेशिक उडानका लागि स्तरोन्तनि गरिने भएको छ । चन्द्रगढी, धनगढी र जनकपुर विमानस्थलको स्तरोन्नति गरिने बजेटमा उल्लेख छ । मोरङको विराटनगर र बाँकेको नेपालगञ्जमा नयाँ टर्मिनल भवन निर्माण गरिनेछ । तेह्रथुमको चुहानडाँडा र दाङको नारायणपुरमा आन्तरिक विमानस्थल बनाउन बजेट विनियोजन गरिएको छ । नारायणपुरमा विमानस्थल बनाउन सम्भाव्यता अध्ययन पूरा भइसकेको छ । हवाई सेवालाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउन नयाँ हवाई नीति ल्याउने जनाइएको छ ।

यस्तै नेपाल नागरिक उड्डयन प्राधिकरण पुनःसंरचना गरी नियामक र सेवा प्रदायकका रुपमा छुट्टाछुट्टै संस्थाका रुपमा विकास गरिने अर्थमन्त्री डा खतिवडाले बताए । सरकारको वार्षिक नीति तथा कार्यक्रममा पनि हवाई उड्डयन क्षेत्रमा नियामक र सेवा प्रदायकका कार्यलाई छुट्टाछुट्टै संस्थापक व्यवस्था गरी कार्यान्वयनमा ल्याइने घोषणा गरिएको थियो । त्यस्तै लुम्बिनीमा निर्माणाधीन पाँच हजार व्यक्ति क्षमताको ध्यान केन्द्र तथा सभाहल निर्माण गरी सञ्चालनमा गरिनेछ । लुम्बिनी क्षेत्र विस्तार गर्न बृहत्तर लुम्बिनी अवधारणा कार्यान्वयनमा ल्याइनुका साथै रामग्राम गुरुयोजना कार्यान्वयन गरिने जनाइएको छ । तिलौराकोटलाई विश्वसम्पदा सूचीमा राख्ने प्रक्रिया अघि बढाइनेछ ।

यस्तै सरकारले आर्थिक समृद्धिको दरिलो आधारका रुपमा रहेको मुलुकको पर्यटन क्षेत्रको पूर्वाधार विकासका लागि आगामी आर्थिक वर्षका लागि रु एक अर्ब २६ करोड बजेट विनियोजन गरेको छ ।

अर्थमन्त्री डा युवराज खतिवडाले आज सङ्घीय संसद्को संयुक्त वैठकमा आगामी आवको बजेट प्रस्तुत गर्दै पर्यटन पूर्वाधार विकासका लागि बजेट घोषणा गर्नुभएको हो ।

## माथिल्लो दोर्दी 'ए' आयोजना अन्तिम चरणमा

**काठमाडौं/मस**–जलविद्युत्को 'हब' बन्दै गरेको लमजुङ जिल्लाको दोर्दी गाउँपालिकामा निर्माणाधीन माथिल्लो दोर्दी 'ए' जलविद्युत् आयोजनाको निर्माण अन्तिम चरणमा पुगेको छ । लिवर्टी इनर्जी हाइड्रोपावरद्वारा प्रवर्द्धित सो गाउँपालिका-६, ढोडेनीमा निर्माणाधीन आयोजना निर्माण कार्य ९७ प्रतिशत सम्पन्न भएको प्रवर्द्धक राजेन्द्र वस्तीले जानकारी दिए ।

उनले भने, "सबै काम सम्पन्न गरेर यतिबेला पावर हाउसको काम र केही बाँधको संचरनाको काम मात्र बाँकी रहेको छ । हामीले बन्दाबन्दीको बीचमा समेत कामलाई निरन्तरता दिँदै आएका छौं । उनले भने, हाल १८० जना कामदारबाट काम भइरहेको छ । गत चैत महिनाबाट विद्युत् उत्पादन गर्ने लक्ष्य गरे पनि लकडाउनलगायत विविध कारणले निर्धारित समयमा काम सम्पन्न हुन नसकेको आयोजनाले जनाएको छ ।

विसं २०७१ असोजबाट निर्माण थालिएको गरी २०७४ सालमा निर्माण सक्नुपर्ने भए पनि समयमा नसकिँदा म्याद थप गरी गत चैत ३० गतेसम्म निर्माण कार्य सम्पन्न गर्ने सम्झौता भएको थियो । विनाशकारी भूकम्पपछिको अघोषित नाकाबन्दी र गत भदौमा आएको बाढीका कारण निर्माण निर्धारित समयमा सम्पन्न हुन नसकेको आयोजनाले जनाएको छ । आगामी असार महिनाभित्र आयोजनाको काम सम्पन्न गर्दै विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको आयोजनाले जनाएको छ ।

यसरी आयोजनाको काम बढ्दा लागत पनि रु ६७ करोड ६० लाख बढी लाग्ने अनुमान आयोजनाको रहेको छ । यस आयोजना निर्माणका क्रममा रु तीन अर्ब ९६ करोड लगानीमा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहे पनि बढेर हाल रु चार अर्ब ६३ करोड ६० लाख लाग्ने आयोजनाले जनाएको छ । आयोजनाको लागत प्रतिमेगावाट रु १८ करोड ५४ लाख लाग्ने कम्पनीको अनुमान छ । आयोजनाबाट वार्षिक रु १३ करोड ६७ लाख ८४ हजार युनिट बिजुली उत्पादन हुने कम्पनीले जनाएको छ । आयोजनाको बाँधस्थल लोदो खोलाबाट दुई हजार ७०० मिटर लामो भूमिगत सुरुङ र दुई हजार ७०० मिटर लामो पेनस्टक पाइपमार्फत दोर्दी खोलाको पानीलाई विद्युत् गृहमा झारिने भएको छ । यस आयोजनामा १२ दशमलव ५ का एक/एकवटा गरी २५ मेगावाटको बिजुली उत्पादन हुने भएको छ । यस आयोजनाको बिजुली हिउँदको समयमा ८ रुपैयाँ ४० पैसा र वर्षायाममा ४ रुपैयाँ ८० पैसा हुने गरी प्रवर्द्धक कम्पनी लिवर्टी र विद्युत् प्राधिकरणबीच विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) भएको छ ।




www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ